कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

प.सः-२०८१-८२ कार्यालय कोडः-३०७०२५९०१६

च.नः-५०३

## सामुदयिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यन्वयन कार्यक्रममा सहभागि हुनको लागि आवेदन पेश गर्ने बारे सुचना

(सुचना प्रकाशित मितिः २०८१।११।२८ गते)

यस डिभिजन वन कार्यालय रुकुम पश्चिमको चालु आ.व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्ग तपसिल बमोजिमका कार्यक्रमहरुमा बजेट विनियोजन भई आएकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छु जिल्लाका उत्पादनशिल सामुदायिक वन उपभोक्ता समुहहरुले आवेदनको सुचना प्रकाशित भएको मितिले ३ (तिस) दिन भित्र आवेदन यस कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै पूर्ण व्यहोराक सुचनाको विवरण डिभिजन वन कार्यालय, सब/डिभिजन वन कार्यालयहरुको सुचना पाटी र आधिकारिक वेवसाइटबा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

तपशिल

| क.स. | कार्यक्रमको नाम | बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यन्वयन | १२ लाख | कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि २०८१ बमोजिम कार्ययोजना तयार गरी कार्यन्वयन गर्नका लागि प्रति सामुदायिक वन उपभोक्ता समुहले रु. १ (एक) लाखका दरले १२ वटा सामुदायिक वन उपभोक्ता समुह छनोट हुने। |

नोटः

१. बिगत ३ (तीन) आ.व. भित्रमा प्रदेश सरकारका कुनै पनि निकायबाट सोहि कार्यक्रमहरुमा अनुदान प्रा गरेका अनुदानग्राहीहरुलाई अनुदान दिईने छैन।

२. प्रश्तावहरु खोलीसकेपछि स्थलगत निरिक्षण र फिल्ड भेरिफिकेसनपश्चात मात्र अनुदान प्रक्रिया अघि बढाई छ।

३. आम भेलाको निर्णय र सम्बन्धित सब डिभिजन वन कार्यलयको सिफरिस पत्र सहित निर्णय पेश गर्नु प छ।

**प्रशतावनाको साथ पेश गर्नुपर्ने कागनजातहरुको विवरणः**

**क. पेश गर्नुपर्ने कागजातहरु**

१. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको वर्षिक कार्यक्रम कार्यन्वयन एकीककृत कार्यविधि, २०८१ को अनुसुची २ बमोजिमको तोकिएको आवेदनको ढाचाँमा निवेदन (रु १० को टिकट सहित)।

२. सामुदायिक वन उपभोक्ता समितिको निर्णय, स्थायी लेखा नम्बर, लेखा परिक्षण प्रतिवेदन र नविकरण प्रमाणपत्र।

३. सम्बन्धित योजना अनुसारको तालिम वा अनुभव प्राप्त गरेको भए सो को प्रमाणपत्रको प्रतिलिपी ।

४. अघिल्ला तिन आ.व.मा अनुदान नलिएको स्वघोषणा पत्र ।

५. सम्बन्धित सब डिभिजन वन कार्यालयको सिफारिस पत्र ।

**ख. प्रस्ताव सम्बन्धि अन्य व्यवस्था**

१. म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।

२. प्रस्ताव पत्रको लागि प्रकाशित सूचना अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।

३. प्रस्ताव पत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न संकिनेछ ।

२०८१।११।२८